## बकैया गाउँकार्यपालिकाको मिति २०७७।०३।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

### १. राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०७७।०३।०२ गतेको बैठकको प्रतिवेदन सम्बन्धमा वृहत छलफल तथा समिक्षा गरि उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

### २. क्रमागत योजना सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आव मा कार्य सञ्चालनका लागि ठेक्का प्रकृया सञ्चालन गरिएको तपशिल बमोजिमका योजनाहरु कोरोना महामारी तथा लकडाउनको कारण चालु आ व मा नै सम्पन्न हुने अवस्था नरहेकोमा क्रमागत योजनाको रुपमा रुपान्तरण गरि आगामी आ व मा सम्पन्न गर्ने निर्णय गरियो ।

१. महेन्द्र माध्यामिक विद्यालय ठेक्का नं. BRM/NCB/15/2076-77
२. वडा नं. २ को कार्यालय ठेक्का नं. BRM/NCB/09/2076-77
३. वडा नं. ३ को कार्यालय ठेक्का नं. BRM/NCB/06/2076-77
४. वडा नं. ५ को कार्यालय ठेक्का नं. BRM/NCB/07/2076-77
५. वडा नं. ७ को कार्यालय ठेक्का नं. BRM/NCB/08/2076-77
६. वडा नं. ९ को कार्यालय ठेक्का नं. BRM/NCB/03/2076-77
७. वडा नं. १० को कार्यालय ठेक्का नं. BRM/NCB/04/2076-77
८. वडा नं. १२ को कार्यालय ठेक्का नं. BRM/NCB/05/2076-77

साथै विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको लागि नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भएको श्री महेन्द्र माध्यामिक विद्यालय को भौतिक पूर्वाधार निर्माणको लागि १,५०,००,०००।- सशर्त अनुदान प्राप्त भएको र जसमध्ये ई-टेण्डर मार्फत गाउँपालिका कार्यालयले रु. ८३,५५,५१८।- आठकोटे भवनको लागि ठेक्का संझौता गरि कार्य भईरहेको तथा बाँकी रु. ६६,४४,४८२।- रकम विद्यालयको अन्य भौतिक पूर्वाधार निर्माणमा नै लगाउनको लागि उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितीले निर्णय गरि रकम माग गरेको र गाउँ शिक्षा समितिको मिति २०७७।०३।०२ गतेको बैठकले बाँकी रकम विद्यालयको खातामा नै पठाईदिनको लागि सिफारिश गरेकोमा उक्त बाँकी रकम सो विद्यालयको खातामा उपलब्ध गराउने निर्णय गरियो ।

### ३.प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको स्वीकृत नयाँ योजनाहरु कार्यान्वयन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा उपलब्ध रकम मध्ये ठेक्का पश्चात बाँकी रकम मध्य बाँकी रकमको पुःन कार्यान्वयनका लागि प्रदेश समन्वय समितिको निर्णय अनुसार जिल्ला समन्वय समितिबाट प्राप्त पत्र बमोजिम प्राप्त तपशिल बमोजिमको योजनाहरुलाई समयको सिमिततालाई मध्यनजर गर्दै उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजनाको नाम | आयोजना रहने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | ख्याकु बागफल नयाँ ट्र्याक ओपन मोटर | बकैया-१ | २२,७१,९४४।६१ |

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

नीतिलाई आत्मसात गर्दै विकास गतिविधि सञ्चालन गरिरहेकोमा डिभिजन वन कार्यालय हेटौंडाबाट पटक पटक रोकावट भईरहेकोमा सो सम्बन्धमा छलफलका लागि सो कार्यलयका प्रमुख वन अधिकृत तथा अन्य अधिकारीहरुलाई यस कार्यालयमा आमन्त्रित गर्ने निर्णय गरियो । साथै सो सम्बन्धमा प्रदेश सरकार तथा अन्य स्थानीय सरकारहरुसँग समन्वयका साथ अगाडी बढ्ने निर्णय गरियो ।

**९. भ्याक्सिनेटर बजेट रकमान्तर सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वर्षेनी पशुहरुमा लाग्ने सरुवा रोगहरुले गर्दा लाखौको क्षति हुँदा निजी स्तरमा सेवारत पशु स्वास्थ्य प्राविधिकहरुलाई पारिश्रमिक दिई पशु खोप संचालन गर्नुपरेको र सशर्त तर्फ विनियोजित रकमले भ्याक्सिनेटर ज्याला दिन अपुग भएको कारण कृतिम गर्भाधान तालिम शिर्षकको रकम रु. ७५,०००।- लाई पशु खोप कार्यकर्ता (भ्याक्सिनेटर) को ज्याला कार्यक्रमको रुपमा रकमान्तर गर्ने निर्णय गरियो ।साथै कोभिड १९ को विश्वव्यापी महामारीका कारण कृषि तर्फ अन्तर जिल्ला कृषक भ्रमण शिर्षकमा विनियोजित रकम रु. १,००,०००।- उक्त कार्यक्रम सञ्चालन गर्न नसकिएको तर गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न योजनाहरुको अनुगमन मुल्यांकनका लागि रकम अपुग भएकोमा उक्त रकमलाई कार्यक्रम सञ्चालन अनुगमन शिर्षकमा रुपान्तरण गरि आगामी गाउँसभा मार्फत अनुमोदन गर्ने निर्णय गरियो ।

**१०. रकम सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिति मकवानपुर, हेटौंडाको प.सं. २०७६।०७७, च.नं. ६८३, मिति २०७७।०२।२८ गतेको पत्रानुसार मिति २०७७।०२।२५ गते बसेको स्थानीय तह समन्वय बैठकले जिल्ला स्तरीय होल्डिङ्ग स्टेशन (विश्राम स्थल) संचालन गर्ने निर्णय भएकोले निर्णय भए बमोजिमको रकम उपलब्ध गराउन समितिको निर्णय सहित अनुरोध प्राप्त भएकोमा सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

**११. बाल हेल्पलाईन उद्धार कोषको निम्ति अनुदान सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा सिविन नेपाल मकवानपुरले विभिन्न स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा जोखिम परिस्थितीका समस्यामा परेका बालबालिकाको आपत्कालिन उद्धार, संरक्षण, परामर्श, राहत तथा पुर्नस्थापनका कार्यहरु गर्दै आइरहेको तथा आगामी दिनमा पनि बालबालिकाको लागि निरन्तर सहयोग गर्नुपर्ने आवश्यकता भएको व्यहोरा सहित बाल हेल्प लाईन कोषमा अनुदानको रुपमा आर्थिक सहयोगको लागि अनुरोध भएकोमा उक्त संस्थालाई रु. १,००,०००।- रकम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**१२. शिखरपुर दुग्ध उत्पादक सहकारी संस्थालाई आर्थिक सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा शिखरपुर दुग्ध उत्पादक सहकारी संस्थाले वर्षातको समयमा सहज सडकको अभावको कारण ट्याङ्करले दुग्ध संकलनका लागि शिखरपुर जान नसक्ने र हात्तीसुँडेसम्म ट्याक्टर मार्फत ढुवानी गर्नु भएकोले गाउँपालिकाले सो को लागि आवश्यक रकम सहयोग गरिदिनको लागि सञ्चालक समितीको निर्णय सहित अनुरोध गरेकोमा ट्याक्टर भाडाको विल भर्पाई लगायतका कागजातका आधारमा बढिमा रु. ५०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | बाटो | | |
| २ | च्याउच्याउ कटुसपानी हिलेखोला ग्राभेलिङ्ग सहित स्तरोन्नती | बकैया-९ | १८,४७,०१७।४५ |
| जम्मा | | | ४१,१८,९६२।०६ |

**४. तारजाली खरिद सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नजिकिँदो वर्षातको मौसमलाई मध्यनजर गर्दै सम्भावित बाढी पहिरोबाट हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि बढीमा रु ५,००,०००।- को तारजाली खरिद गर्ने निर्णय गरियो ।

**५. जस्ता तथा पाईप खरिद सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जस्ता, पाईप तथा कृषिजन्य सामाग्रीहरु (प्लास्टिक, ड्रम तथा पाईप) खरिदका लागि ई-टेण्डर प्रकृया सञ्चालन गरिएकोमा कुनैपनि टेण्डर नपरेकोमा सिमित अवधिलाई मध्यनजर गर्दै जस्ता तथा पाईप कोटेशन मार्फत खरिदका लागि प्रकृया अगाडि बढाउने साथै कृषिजन्य सामाग्रीको लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरि खरिद गर्ने निर्णय गरियो ।

**६. तटबन्धन निर्माण सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ जुईना खोलाले वर्षातको समयमा जुईना गाउँवस्तीलाई क्षति गर्न सक्ने अवस्था रहेको तथा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत योजना सिफारिश गरिएकोमा उक्त कार्यक्रम अन्तर्गत उक्त योजना सञ्चालन नभएको तर तत्कालै तटबन्धनको कार्य नभएमा जुईना वस्तीलाई नै क्षति पुर्याउने अधिक्तम जोखिम भएको कारण उक्त खोलामा गाउँपालिका अनुदान रु. ३०,३९,५३५।६२, जन श्रमदानको रकम रु. ५,३६,३८८।६० सहित रु. ३५,७५,९२४।०२ लागत रकमको तटबन्धन योजना सञ्चालन गर्ने निर्णय गरियो । साथै सोही खोला अन्तर्गत घट्टेपाखा नियन्त्रण कार्यका लागि गाउँपालिका अनुदान रु. ६,९७,३३४।२६, जन श्रमदानको रकम रु. १,२३,०५८।९९ सहित रु. ८,२०,३९३।२५ लागत रकमको तटबन्धन योजना सञ्चालन गर्ने निर्णय गरियो । साथै कर्मचुली खेल मैदानसंगै रहेको सुकौरा खोला तटबन्धनका लागि गाउँपालिका अनुदान रु. ६,०३,२४३।४०, जन श्रमदानको रकम रु. १,०६,४५४।७२ सहित रु. ७,०९,६९८।१२ लागत रकमको तटबन्धन योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**७. सडक ग्राबेलिङ्ग सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा जुरेली घुम्ती सडक अन्तर्गत जुरेली मुक्तानसुवारा खण्डमा वर्षात नजिकिए सँगै ठाउँठाउँमा हिलो भई आवतजावतमा कठिनाई उत्पन्न भएको कारण सो भागमा सडक ग्राबेलिङ्गका लागि ईस्टिमेटेड लागत अनुसार गाउँपालिका अनुदान रु. ३,५१,८२४।-, जन श्रमदानको रकम रु. ५९,९७०।- सहित रु. ४,११,७९४।- लागत रकममा ग्राबेलिङ्ग योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**८. डिभिजन वन कार्यालय मकवानपुरको डिभिजिन वन अधिकृतको स्पष्टिकरण सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले विकास योजना सञ्चालन गरिरहँदा वन क्षेत्रलाई जोगाउँदै विकास निर्माण सञ्चालन गरिरहेको तथा वृक्षारोपणका कार्यहरु गर्दै वातावरणमैत्री विकासको मूल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

नीतिलाई आत्मसात गर्दै विकास गतिविधि सञ्चालन गरिरहेकोमा डिभिजन वन कार्यालय हेटौंडाबाट पटक पटक रोकावट भईरहेकोमा सो सम्बन्धमा छलफलका लागि सो कार्यलयका प्रमुख वन अधिकृत तथा अन्य अधिकारीहरुलाई यस कार्यालयमा आमन्त्रित गर्ने निर्णय गरियो । साथै सो सम्बन्धमा प्रदेश सरकार तथा अन्य स्थानीय सरकारहरुसँग समन्वयका साथ अगाडी बढ्ने निर्णय गरियो ।

९. भ्याक्सिनेटर बजेट रकमान्तर सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वर्षेनी पशुहरुमा लाग्ने सरुवा रोगहरुले गर्दा लाखौंको क्षति हुँदा निजी स्तरमा सेवारत पशु स्वास्थ्य प्राविधिकहरुलाई पारिश्रमिक दिई पशु खोप संचालन गर्नुपरेको र सशर्त तर्फ विनियोजित रकमले भ्याक्सिनेटर ज्याला दिन अपुग भएको कारण कृतिम गर्भाधान तालिम शिर्षकको रकम रु. ७५,०००।- लाई पशु खोप कार्यकर्ता (भ्याक्सिनेटर) को ज्याला कार्यक्रमको रुपमा रकंमान्तर गर्ने निर्णय गरियो ।साथै कोभिड १९ को विश्वव्यापी महामारीका कारण कृषि तर्फ अन्तर जिल्ला कृषक भ्रमण शिर्षकमा विनियोजित रकम रु. १,००,०००।- उक्त कार्यक्रम सञ्चालन गर्न नसकिएको तर गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न योजनाहरुको अनुगमन मुल्यांकनका लागि रकम अपुग भएकोमा उक्त रकमलाई कार्यक्रम सञ्चालन अनुगमन शिर्षकमा रुपान्तरण गरि आगामी गाउँसभा मार्फत अनुमोदन गर्ने निर्णय गरियो ।

१०. रकम सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिति मकवानपुर, हेटौंडाको प.सं. २०७६।०७७, च.नं. ६८३, मिति २०७७।०२।२८ गतेको पत्रानुसार मिति २०७७।०२।२५ गते बसेको स्थानीय तह समन्वय बैठकले जिल्ला स्तरीय होल्डिङ्ग स्टेशन (विश्राम स्थल) संचालन गर्ने निर्णय भएकोले निर्णय भए बमोजिमको रकम उपलब्ध गराउन समितिको निर्णय सहित अनुरोध प्राप्त भएकोमा सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

११. बाल हेल्पलाईन उद्धार कोषको निम्ति अनुदान सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा सिविन नेपाल मकवानपुरले विभिन्न स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा जोखिम परिस्थितीका समस्यामा परेका बालबालिकाको आपत्कालिन उद्धार, संरक्षण, परामर्श, राहत तथा पुर्नस्थापनका कार्यहरु गर्दै आइरहेको तथा आगामी दिनमा पनि बालबालिकाको लागि निरन्तर सहयोग गर्नुपर्ने आवश्यकता भएको व्यहोरा सहित बाल हेल्प लाईन कोषमा अनुदानको रुपमा आर्थिक सहयोगको लागि अनुरोध भएकोमा उक्त संस्थालाई रु. १,००,०००।- रकम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१२. शिखरपुर दुग्ध उत्पादक सहकारी संस्थालाई आर्थिक सहयोग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा शिखरपुर दुग्ध उत्पादक सहकारी संस्थाले वर्षातको समयमा सहज सडकको अभावको कारण ट्याङ्करले दुग्ध संकलनका लागि शिखरपुर जान नसक्ने र हात्तीसुँडेसम्म ट्याक्टर मार्फत ढुवानी गर्नु भएकोले गाउँपालिकाले सो को लागि आवश्यक रकम सहयोग गरिदिनको लागि सञ्चालक समितीको निर्णय सहित अनुरोध गरेकोमा ट्याक्टर भाडाको विल भर्पाई लगायतका कागजातका आधारमा बढिमा रु. ५०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

**१३. वडा नं. ४ कार्यालय भवन मर्मत तथा बोरिङ्ग कार्यको भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत वडा नं. ४ को कार्यालय परिसरमा खानेपानी बोरिङ्ग निर्माण गरिएको तथा उक्त कार्यालय रहेको गाउँपालिकाको भवनको माथिल्लो तलामा कृषि विकास बैंकको शाखा सञ्चालनमा रहेको तथा उक्त भवनको लागि खानेपानी व्यवस्थापनका लागि गाउँपालिकाको भुगोल तथा अवस्थितीको आधारमा मु.अ.क. बाहेक प्रति फिट रु. १,०००।- लागत कायम गरि बोरिङ निर्माण लगायत मर्मत सम्भारको लागि ईस्टिमेटेड लागत रु. १,६१,३६२।९९ लागत लाग्ने देखिएकोमा काम सम्पन्न भए पश्चात मूल्यांकन तथा बिल भर्पाइको आधारमा बढीमा ईस्टिमेटेड लागत बराबरको रकम भुक्तानी दिने निर्णय गरियो ।

**१४. ठेक्का मार्फत सञ्चालित योजनाहरुको भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित तपशील बमोजिमका ठेक्काको ईस्टिमेट अनुसारको काम सम्पन्न भई यस कार्यालयबाट मूल्यांकन समेत भईसकेको तथा अनुगमन समितिबाट समेत अनुगमन मूल्यांकन भईसकेकोमा भुक्तानीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशील

१. गोठखोला थली सडक, बकैया-४
२. सोवी ठिंगन सडक, वडा नं. ४ र ११
३. दोभान सानोहाँडी सडक, बकैया-२
४. सुधा, अल्छे, भोगटे, टिकुली, भालुखोला, रतनपुर सडक, बकैया-६
५. जितपुर कोलखोप सडक, बकैया-१२
६. हात्तीसुँडे शिखरपुर मन्थली सडक

साथै उक्त सडकहरु लक्ष्य अनुसारको स्थानमा पूर्याउनका लागि थप कार्य गर्नु आवश्यकता रहेकोमा सम्वन्धित ठेकेदारहरुसँग निजले कार्य गरेको दररेट वा सो भन्दा कम रेट हुनेगरि संझौता गरी थप कार्य समेत सम्वन्धित ठेकेदार मार्फत नै गराउने निर्णय गरियो ।

| क्र.सं. | योजनाको विवरण | गाँउपालिका दररेट अनुसार थप ईस्टिमेटेड लागत रु.(कन्टिन्जेन्सी रकम बाहेक) | ठेकेदारको दररेट अनुसार थप ईस्टिमेटेड लागत रु. |
|---|---|---|---|
| १ | गोठखोला थली सडक, बकैया-४ | ४२,५४,३९८।६८ | १५,८७,९४७।८७ |
| २ | सोवी ठिंगन सडक, वडा नं. ४ र ११ | २२,२७,७२८।९९ | ११,६८,६४४।८७ |
| ३ | दोभान सानोहाँडी सडक, बकैया-२ | १,३०,६४,२७१।- | ६१,३६,९१७।५५ |
| ४ | सुधा, अल्छे, भोगटे, टिकुली, भालुखोला, रतनपुर सडक, बकैया-६ | ३५,९६,६६३।६६ | १३,७६,२११।७५ |
| ५ | जितपुर कोलखोप सडक, बकैया-१२ | ३९,०९,२५५।७६ | १६,७८,३०४।९३ |
| ६ | हात्तीसुँडे शिखरपुर मन्थली सडक | २०,८८,०६०।९६ | १२,२०,१८८।१३ |

बकैया गाउँपालिका

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner